नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.....................................................शाखा)

प.सं. : ०६४/०६५
च.नं. : ५४

सिंहदरवार, काठमाण्डौ

## प्रेस विज्ञप्ती

आज मिति २०७४ साल भाद्र २८ गते बुधवार माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री यज्ञबहादुर थापा समक्ष नेपाल कानुन आयोगको आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन पेश भयो ।

कानून, न्याय तथा संसदीय मामिला राज्य मन्त्री श्री दिलमान पाखिन, आयोगका उपाध्यक्ष श्री भेषराज शर्मा र यस मन्त्रालयका सचिव श्री कमलशाली घिमिरे समेतको उपस्थिति रहेको कार्यक्रममा नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलले बार्षिक प्रतिवेदन पेश गर्नु भएको थियो ।

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ मा आयोगले वर्ष भरिमा सम्पन्न गरेको काम कारबाहीको विवरण सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था रहेको छ ।

नेपाल कानून आयोगले नयाँ कानूनको तर्जुमा गर्ने, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयीक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने लगायतका कार्य सम्पादन गर्दै आएको छ । आयोगले आ.व.२०७३/०७४मा देहायका ६ वटा विधेयक तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएको छ ।

१ .झुट्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
२. संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक,
३. उपभोक्ता संरक्षण सम्बन्धी विधेयक,
४. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक,
५. खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
६. कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक ।

(डिल्लीराज घिमिरे)
प्रवक्ता तथा सहसचिव